# बाह्रदशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## चकचकी, झापा
## कोशी प्रदेश, नेपाल

**अपाङ्गता सहायता सहजकर्ता पदका लागि दरखास्त आह्वान गरिएको सूचना**

**(सूचना नं:४०/८१-८२, मिति : २०८१/१२/२१ गते )**

यस गाउँपालिकामा **स्थानीय तहमा अपाङ्गता सहायता कक्ष सञ्चालन सम्बन्धी कार्यविधि,२०७९** बमोजिम स्थापना गरिने अपाङ्गता सहायता कक्षका लागि निम्न पदमा प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा एकजना अपाङ्गता सहायता सहजकर्ताको पदपूर्ति गर्नुपर्ने भएकाले देहाय बमोजिम योग्यता पुगेका इच्छुक योग्य नेपाली नागरिकहरूबाट दरखास्त आह्वान गरिएको छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले समयभित्र राजश्व बुझाई यस गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयमा उपस्थित भई दरखास्त आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. **विज्ञापन नं:-** ०८/२०८१-०८२
२. **पदः** अपाङ्गता सहायता सहजकर्ता (अपाङ्गता भएको व्यक्ति मात्रै ।)
३. **मागसंख्याः** १ जना
४. **सेवाको किसिमः** करार सेवा
५. **दरखास्त बुझाउने अन्तिम मितिः-** विज्ञापन भएको मिति देखी १५ दिन भित्र। (अन्तिम दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको पहिलो दिन दरखास्त बुझाउनु पर्नेछ।)
६. **उम्मेद्वारको छनौट विधिः** प्रत्यक्ष मौखिक अन्तर्वार्ता तथा अन्य विविध पक्षको मूल्याङ्कन। (स्थानीय तहमा अपाङ्गता सहायता कक्ष सञ्चालन सम्बन्धी कार्यविधि,२०७९ बमोजिम )
७. **दरखास्त फाराम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थानः-**बाह्रदशी गाउँपालिका वा गाउँपालिकाको वेबसाइटबाट दरखास्त फाराम प्राप्त गरी उक्त फाराम भरी बाह्रदशी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, चकचकी, झापामा बुझाउनु पर्ने छ।
८. **परीक्षा दस्तुरः** रू ५००/- (पाँच सय रूपैयाँ मात्रा)
९. **परीक्षा दस्तुर बुझाउने विधि र स्थान:**
गाउँपालिकाको कार्यालयमा उपस्थित भई वा कुनै पनि बैङ्कमार्फत SuTRA बाट सृर्जित भौचरबाट गाउँपालिकाको देहायको विवरणको आन्तरिक राजस्व खाता वा स्थानीय तह राजश्व पोर्टल मार्फत अनलाईन भुक्तानी गर्न सकिनेछ।

<u>राजस्व खाताको विवरण</u>

कार्यालय कोड:८०११२५०५००१
राजस्व शिर्षक: १४२२४
राजस्व शिर्षकको नाम:परीक्षा शुल्क
बैकं खाता नं:०८३००८७०५००००११३
खाताको नाम:आन्तरिक राजस्व खाता
खाता रहेको बैंक: माछापुच्छ्रे बैंक

१०. **परीक्षा सञ्चालन हुने मिति, समय र स्थानः** बाह्रदशी गाउँपालिकाको सूचना पाटी, वेबसाइट साथै गाउँपालिकाको फेसबुक पेजमार्फत जानकारी हुने गरि पछि प्रकाशित गरिनेछ।
११. **उम्मेद्वारको उमेरको हद:-** दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको,महिलाको हकमा १८ वर्ष पुरा भई ४० ननाघेको

२०८१/१२/२१
जनार्दन निरौला
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner
Scanned with CamScanner

१२. **मासिक तलबः** तोकिए बमोजिम हुनेछ।

१३. **आवश्यक न्यूनतम योग्यताः**

(क) नेपाली नागरिक।

(ख) अपाङ्गता भएको व्यक्ति।

(ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट +२ वा सो सरह उत्तीर्ण गरेको।

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको।

नोट: अपाङ्गता सम्बन्धी काम गर्ने सरकारी तथा गैरसरकारी संघ संस्थामा काम गरेको अनुभव भएको, कम्प्युटर सम्बन्धी तालिम लिएको, बहिरा नागरिकको लागि सांकेतिक भाषा दोभासे तालिम प्राप्त गरेको, स्थानीय अपाङ्गता भएको महिलालाई विशेष प्राथमिकता दिइनेछ।

**१४. दरखास्त फारामसाथ पेश गर्नु पर्ने कागजातहरुः-** आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका कागजातहरु (१) आफूले दरखास्त दिन चाहेको पद विज्ञापन नं. खुलाई दिएको निवेदन, (२) तोकिएको आवेदन फाराममा विवरण भरी फोटो समेत टाँस गरी १(एक) प्रति, (३) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, (४) तोकिएको न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपि, (५) कार्य अनुभव खुल्ने कागजातहरु, (६) राजश्व बुझाएको भौचरको सक्कल प्रति।

**१५. थप जानकारीको लागि :** ९८४४६०६०३०

<u>द्रष्टव्य</u>

(क) कार्यालयद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

(ख) दरखास्त स्वीकृत भएका उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको सक्कल प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक भनी उल्लेख गरिएका कागजातहरुको सक्कल प्रतिका साथै प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

(ग) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ।

(घ) पाठ्यक्रम तथा अन्य व्यवस्था: **स्थानीय तहमा अपाङ्गता सहायता कक्ष सञ्चालन सम्बन्धी कार्यविधि,२०७९ मा तोकिए बमोजिम हुने छ।**

२०८०।१२।२९

...................

जनार्दन निरौला

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

Scanned with CamScanner